दलित

# निगरानी

१५ दिने

वर्ष १, अङ्क ८, २०६६ (1–15 Nov.) सहयोग रु. १०।-


## यस अङ्कमा


खबर/पाठक प्रतिक्रिया - २-३

संगठन परिचय
नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा - ४

बिचार
अनुभवको प्रयोग गरौं
गणेश वि.के. देउल्याल - ५

बिचार
आफ्नै राज्यका लागि लड्नुछ
अनन्त यात्री - ६

प्रश्नोत्तर
दलीय भागबण्डाले दलित ठगिए
रकम चेम्जोङ - ७

सभासद् चिनारी
'अम्बेडकर कोलनी' की फुलनदेवी- ८


सम्पादकीय

# वेस्टमिनिस्टर पद्धतिका बेफाइदा

अबको राज्य पुनर्सरचनाले लिंगीय हिसाबले पुरुष, जातीय हिसाबले बाहुन-क्षेत्री, भौगोलिक हिसाबले पहाडियाहरूको सत्ता र स्रोतमाथिको हालीमुहालीको अन्त्य गर्दै सत्ता र स्रोतमा दलित, जनजाति, महिला, मधेशी लगायत अन्य उत्पीडित तथा सीमान्तकृत समुदायको पहुँच तथा नियन्त्रण सुनिश्चित गर्ने विश्वास गरिन्छ । यसका लागि राज्यको शासकीय स्वरूप निर्धारण समितिको भूमिका अत्यन्त महत्वपूर्ण हुने देखिन्छ । आउँदो संविधानले कस्तो प्रकारको शासकीय स्वरूप निर्धारण गर्छ भन्ने कुराले सीमान्तकृत समुदायको शक्ति तथा स्रोत साधनमाथिको पहुँच र नियन्त्रण निर्धारण हुनेछ ।

संविधानसभाका १५ वटा समितिहरूमध्ये ५ वटा विषयगत समितिले अवधारणा बुझाएका छन् तर शासकीय स्वरूप निर्धारण समितिको अवधारणा अझै पेश भएको छैन । यसको मुख्य कारण अवधारणाका बारेमा समितिभित्रका सभासद्हरूको बीचमा मतैक्यता हुन नसक्नु हो । त्यसैले सो समितिको अवधारणा थाती रहेको छ । उक्त समितिमा प्रतिनिधित्व गर्ने सभासद्हरूबीच सहमति हुन नसके पछि मुख्य राजनीतिक दलका शीर्ष नेतासमक्ष आगामी नेपालको शासकीय स्वरूपबारेको अवधारणा निर्णयार्थ प्रस्तुत गरिने भएको छ । समितिका सभापतिमा नेपाली कांग्रेसका शम्भुहजारा पासवान छन् । *दलित निगरानी* को टोलीले केही महिनाअघि समितिसँग अन्तरक्रिया गरी राज्यको शासकीय स्वरुपमा दलितको हक कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने बारेमा छलफल गरेको थियो र त्यसमा दलित दृष्टिबाट मोटामोटी खाका प्रस्तुत गरिएको थियो ।

राज्यको शासकीय स्वरूप निर्धारण समितिले तय गर्ने मूलभूत विषय भनेको देशको शासन कसले गर्ने भन्ने हो । जनप्रतिनिधिहरूको निर्वाचन कसरी हुने, कति सख्यामा हुने, अहिले संसारमा प्रचलनमा रहेका लोकतान्त्रिक पद्धति मध्ये नेपालमा कस्तो प्रणाली कायम गर्ने, संघीय स्वरूप कस्तो हुने भन्ने विषयलाई यो समितिले टुंगो लगाउनु आवश्यक छ । मुख्य दलबीच अहिले सहमति हुन नसकेको मुख्य विषय राष्ट्रपति र प्रधानमन्त्रीमध्ये कोसँग कति रहने र यी पदको निर्वाचन कसरी गर्ने भन्ने हो । माओवादीले कार्यकारी राष्ट्रपतिको अवधारणा अघि सारेको छ भने कांग्रेस र एमाले कार्यकारी प्रधानमन्त्रीको पक्षमा छन् । दुवै पक्षले अमेरिका वा अफगानिस्तानमा जस्तो कार्यकारी अधिकार प्राप्त व्यक्ति प्रत्यक्ष चुनावबाट निर्वाचित हुनुपर्ने भनेका छन् । जनप्रतिनिधिहरूको चुनावको हकमा भने मौजुदा प्रत्यक्ष र समानुपातिक चुनाव कायम गर्ने कुरामा मतभेद छैन ।

राज्यको शासकीय स्वरूप निर्धारण गर्नेबारे चालू बहसमा दलितको दृष्टिकोण के हुने भन्ने अहिलेको महत्वपूर्ण सवाल हो । अहिले वहसमा रहेका पद्धतिमध्ये कुन चाँहि पद्धतिले दलितलाई फाइदा वा वेफाइदा गर्छ भन्नेमा जुन रूपमा छलफल हुन हुनु पर्ने हो त्यति हुन सकिरहेको छैन । अहिले वेस्टमिनिस्टर पद्धति अनुसार सांसद् वा सभासद्हरू चुनिने अनि त्यसैबाट प्रधानमन्त्री बन्ने र अल्पमतको सरकार भएको अवस्थामा गणितीय खेलले देशलाई सधै अस्थिरतातर्फ धकेलिरहेको छ । यसले सबैभन्दा बढी दलितलाई क्षति भइरहेको छ । नेपालका राजनीतिक दल तथा सरकार दलित सवालमा साह्रै अनुदार छन् भन्न मिल्दैन । किनकि तिनले दलितका लागि नीति नियम तथा योजनाहरू प्रशस्त बनाएका छन । तर तिनको कार्यान्वयन अत्यन्त फितलो रहेको छ । उत्तरदायित्व वहन गर्ने जवाफदेही स्थायी सरकारको अभावमा यस्तो भएकोले दलितका निम्ति देशमा स्थायी सरकारको खाँचो छ ।

अहिलेसम्मको कार्यकारी अधिकार प्राप्त व्यक्ति जनताको थोरै मतले जितेको सभासदमध्येबाट बन्ने प्रचलन छ । यस्तो स्थितिबाट मुक्त हुन कार्यकारी अधिकार प्राप्त प्रधानमन्त्री जनताको प्रत्यक्ष मतबाट विजयी भएको व्यक्ति हुनुपर्छ र उ संसद्प्रति उत्तरदायी हुन्छ । तथापि त्यस्तो व्यक्तिलाई स-साना गणितीय खेलबाट हटाउन सक्ने प्रावधानको अन्त्य गरी दुईतिहाई बहुमतबाट मात्र हटाउन सक्ने प्रावधान अबको संविधानमा गरिनु आवश्यक छ । यस्तो गरिएमा कार्यकारी अधिकार प्राप्त व्यक्तिले कम्तीमा ५ वर्षका लागि शासन गर्न सक्छ र धेरै योजना कार्यान्वयन गर्न सम्भव पनि हुन्छ । आफ्नो कार्यकालमा उसले राम्रो कार्य गर्न नसकेको अवस्थामा जनताले उसलाई वा उसको दललाई चुनावमार्फत् दण्डित गर्ने अवसर पनि पाउँछन् । शासकीय स्वरूप निर्धारण गर्दा यस्तो व्यवस्था गर्न सक्दा यसले देश र दलित दुबैको हित गर्नसक्छ ।


सल्लाहकार
राजकुमार त्रिखत्री
गणेश विके देउल्याल
डा.द्रोणप्रकाश रसाली (क्यानडा)
कृष्ण सोव (अमेरिका)
रुपेश सिलवाल (बेलायत)
धनकुमारी सुनार

प्रधान सम्पादक
हीरा विश्वकर्मा

विशेष संवाददाता
गोपाल बराइली

व्यवस्थापन
अनन्त यात्री विक
उमेश राना
लालबाबु महरा

प्रकाशक
राष्ट्रिय दलित नेटवर्क र
दलित अध्ययन तथा विकास केन्द्र

अनामनगर, काठमाडौं ।
फोन-०१-६९११६७३
नेपाल दलित इन्फोको सहभागितामा
Email: dalitnigarani@gmail.com
web: www.nepaldalitinfo.20m.com
www.pustakalaya.org


**अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान**
**निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान**

# लोहार पनि दलित !

स्थानीय विकासमन्त्री पूर्णकुमार शेर्माको आदेशमा राष्ट्रिय दलित आयोगले चार जना लोहारलाई दलित भन्दै सिफारिश दिएको छ ।

स्थानीय विकासमन्त्री पूर्णकुमार शेर्माले मधेशीमूलको लोहार जातिलाई दलितमा सूचीकृत गर्न ३२ साउन २०६६ मा दलित आयोगलाई पत्राचार गरेपछि आयोगले चार जना लोहारलाई दलित भनी सिफारीश गरेको छ ।

आयोगले सिफारीश गरेकाहरूमा बारा अमरपट्टी-६ का प्रमानन्द ठाकुर, सर्लाही कौडिथाना-५ का गणेश ठाकुर र औरा-३ का तेजनारायण ठाकुर तथा बारा अमृतगञ्ज-६ का शिव ठाकुर रहेका छन् । लोहारले आफूहरूलाई दलितमा सूचीकृत गर्न स्थानीय विकास मन्त्रीलाई दबाब दिएपछि उनीहरूलाई दलित बनाउन आयोगमा सिफारिश गरिएको मन्त्रालयको दाबी छ । तर मन्त्रीको निर्णयपछि मधेशी दलितहरूले लोहारको पानी चल्ने भएकोले दलितमा सूचीकृत गर्न नहुने भन्दै आयोग र मन्त्रालय घेराउ गरेपछि फेरि स्थानीय विकास मन्त्रालयले १० भदौ २०६६ मा लोहारलाई दलितमा नराख्न आयोगलाई पत्राचार गरेको छ । मन्त्रालयको पछिल्लो पत्राचारपछि आयोगले लोहारलाई दलितको प्रमाणपत्र दिने काम रोकेको छ ।

यसैबीच ललितपुरको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा १३ कात्तिकमा सम्पन्न नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको २७ सौं साधारणसभा बोल्दै नेपाल दलित संघका कार्यवाहक सभापति छत्र टेलरले स्थानीय विकास मन्त्री पूर्णकुमार शेर्माले गैरदलितलाई दलित बनाउने खेल भइरहेको बताएका छन् । 'तराईका लोहारलाई अछूत मानिदैन, उनीहरूको पानी चल्छ तर उनीलाई दलितको सूचीमा पार्ने षडयन्त्र भइरहेको छ ।' उनले बताए । सोही कार्यक्रममा सहभागी मन्त्री शेर्माले चाहिँ लोहारलाई दलितको सूचीमा कायम राख्ने बारेमा अहिले पनि वहस भइरहेको बताए । उनले भने -'सद्भावना पार्टीका संस्थापक गजेन्द्रनारायण सिंहले लोहारलाई दलितको सूचीमा राखेको तर त्यसको विरुद्धमा सर्वोच्चमा रिट पर्दा अदालतले विचाराधीन राख्ने फैसला गरेको थियो ।'

संघका अध्यक्ष भक्त विश्वकर्माको अध्यक्षतामा भएको साधारण सभामा ६२ जिल्लाका दलित प्रतिनिधिले भाग लिएका थिए भने विशेष अतिथिमा स्वास्थ्य राज्यमन्त्री खड्गबहादुर वस्याल उपस्थित थिए ।

# दलित प्रधानमन्त्री भएको दिन साह्रै खुशी हुन्छु - डा.सुनार

काठमाडौं । अमेरिकाको सार्लोटका स्नायु विशेषज्ञ डा. रमेश सुनार ८ देखि १० कात्तिकसम्म नेपालको भ्रमण गरी अमेरिका फर्केका छन् । पर्वतको ग्यादी पुख्यौली घर भएका डा. सुनार अमेरिका पुगेका त्यस्ता नेपालीमा पर्छन् जसले आफूलाई एउटा सफल व्यवसायी तथा दन्त स्नायु विशेषज्ञको रूपमा स्थापित गराएका छन् । अहिले उनको कम्पनीमा चार जना चिकित्सक कार्यरत छन् भने उनले आफ्नो विषयमा तालिम केन्द्र चलाएका छन् । उनी भन्छन् - 'जब नेपालको दलितको कुरा आउँछ तब आफूले भोगेका अपमानको कुरा सम्झिन्छु । नेपालमा मान्छेको काम र आचरण होइन, जातलाई प्राथमिकता दिइन्छ । आगामी संविधानले दलितलाई प्रधानमन्त्री बनाउने मार्ग प्रशस्त गरोस, दलित प्रधानमन्त्री बनेको दिन अत्यधिक खुशी हुनेछु ।'

डा. सुनारले नेपाली दलितबीच नेपालदलितइन्फो मार्फत आफ्ना भावुक तथा रोचक विचारहरू राख्ने गरेका छन् । आफ्नो व्यवसायिक सफलताबाट आर्जेको केही आम्दानीले नेपालका केही क्षेत्रहरूमा सहयोग पनि पुऱ्याएका छन् । उनले विश्वेन्द्र पासवानले नेतृत्व गरेको दलित जनजाति पार्टीलाई एक सेट कम्प्युटर उपलब्ध गराएका थिए । दुवै मिर्गौला विग्रिएर थलिएका दलित नेता मनबहादुर विश्वकर्माको उपचारमा उनी तथा उनका दाजु अमृत सुनार मिलेर आर्थिक सहयोग पुऱ्याएका छन् ।

उच्च शिक्षामा दलित विद्यार्थीहरूलाई प्रोत्साहित गरिरहेको गैरसरकारी संस्था पिडीआरसीले उनको सम्मान गर्न आयोजना गरेको कार्यक्रममा उनले विज्ञान तथा प्रविधिको क्षेत्रमा लाग्नेले आफुलाई मात्र बनाउँछु भन्ने नठानी समाज र राष्ट्रको हित चिताउनु पर्नेमा जोड दिए । दलितबाट असल कानुनविज्ञ तथा नेता जन्माउनका लागि कानुनको उच्च अध्ययन गर्न चाहनेलाई व्यक्तिगत रूपमै छात्रवृत्ति उपलब्ध गराउने पनि उनले घोषणा गरेका छन् । नेपालमा विभाजित दलित आन्दोलनवाट दुखित डा. सुनारले अमेरिकामा रहेका काला जातिहरूले एकता प्रदर्शन गरेको सम्झिए । उनले दलितले पनि यस्तै एकता प्रदर्शन गर्न आवश्यक रहेको बताए ।

## पाठक प्रतिक्रिया

### धेरै जानकारी चाहियो

*दलित निगरानी* पहिलो अंकबाट निरन्तर पढ्दै आएको छु । यसका लेख रचनाहरू समय सापेक्ष छन् । सातौ अंक पनि पढ्ने मौका प्राप्त भयो । सम्पादकीयमा संविधानसभाका विषयगत समितिका आधारणाको बारेमा प्रसंग उठाइएको छ । अबका अंकहरूमा ती समितिहरुले दलित समुदायका पक्षमा समावेश गरेका बुँदाहरुलाई पनि प्रकाशन गर्दै गएमा सबैले जानकारी प्राप्त गर्न सक्ने थिए । जसले गर्दा सार्वजनिक वहसमा सहयोग पुग्ने थियो ।

**– ईश्वरी विश्वकर्मा**
**काठमाडौं**

### हामीले पढ्न नपाउने ?

काठमाडौं आउँदा मात्रै दलित निगरानी केही अङ्कहरू पढ्ने मौका मिल्यो । विषयवस्तुहरू नयाँ र खोजमुलक पनि लाग्यो । निगरानीले उठाएका सवालहरू मननीय छन् । राम्रो लागेर पनि म जस्ता पाठकले सजिलै पढ्न नपाईदो रहेछ । सुलभ ढङ्गले सबै पाठकले पढ्न सक्ने बनाउन सकिदैन ? ग्रामिण क्षेत्रसम्म पत्रिका पुऱ्याउन सके राम्रो हुन्थ्यो ।

**– सरिता बराइली**
**मुगा- १, धनकुटा**



# गतिविधि भए पो समाचार बन्छ

**धनकुटामा नयाँ संविधानमा दलितको अधिकार समावेश गराउने सवालमा कुनै गतिविधि नभएका कारण रहर लागेर पनि यहाँका पत्रकारले दलितसम्बन्धी समाचार लेख्न सकिरहेका छैनन् ।**

■ गोपाल बराईली

धनकुटा/जातीय मुक्तिको बहस चलिरहेको छ । तर दलितहरूको अधिकारको बारेमा न सञ्चारकर्मीहरूले कलम चलाएका छन् न, दलित अधिकारकर्मी र बुद्धिजीवीले यस बारेका कुनै चिन्ता जाहेर गरेको पाइन्छ । जिल्ला सदरमुकाममा सीमित दलका भातृ संगठनका कार्यकर्ता सही नेतृत्व नपाएका कारण माऊ बिनाका चल्लाजस्ता देखिन्छन् । फलतः नयाँ संविधान निर्माणको संघारमा जिल्लामा दलितका सवाल ओझेलमा पर्न थालेको आभाष भएको छ ।

हुन त, धनकुटाका सञ्चारकर्मीहरूले दलितका समाचारलाई प्राथमिकता नदिएका होइन । उनीहरूले दलितका समाचार लेख्न छुटाउँदैन् तर संविधानमा दलितका अधिकार र सवालका बारेमा कमैले कलम चलाउने गरेका छन् । 'धनकुटामा दलित आन्दोलन शून्य भएको हुनाले पनि दलितका मुद्दा नउठाइएको होला' ब्लास्ट टाईम्स दैनिकका पत्रकार सन्तवीर लामाले भने- 'दलितका कुरा उठाउन बाध्य पार्नका लागि दलित आन्दोलन पनि उठ्नु पर्छ ।'

धनकुटाका अधिकांश सञ्चारकर्मीहरूले दलित आन्दोलन सेलाएकै कारण दलित अधिकारका सवालमा समाचार लेख्न गाह्रो भएको बताएका छन् । राजधानी दैनिकका पत्रकार भिषा काफ्ले भन्छन् 'धनकुटामा संविधानसभालाई केन्द्रीत गरेर कुनै गतिविधि संचालन नभएको कारण समस्या भएको छ ।'

कान्तिपुर दैनिकका रमेशचन्द्र अधिकारीका अनुसार जिल्लामा कार्यरत सबै सञ्चारकर्मीहरू दलितका मुद्दा कोट्याउन लालायित छन् तर उपयुक्त वातावरण भने बनेको छैन । बौद्धिक वर्गबाट दलितका आवाजहरू नउठाउँदा दलित समुदाय फेरि पनि उत्पीडनमा पर्ने भएकोले त्यस्ता समुदायका आवाजहरू उठाउन कन्ज्युस्याँई नगर्न उनी आग्रह गर्छन् ।

धनकुटामा धनकुटा एफएम, मकालु एफएम र रेडियो नेपालको क्षेत्रीय प्रसारण छन् । यीमध्ये दुई वटाले दलितका बारेमा छुट्टै कार्यक्रम सञ्चालन गरेका छैनन् । मकालु एफएमले दलितको छुटै कार्यकम तय नगरे पनि दैनिक रूपमा छुवाछूत विरूद्धको सन्देश बजाउने गरेको छ । त्यसको अलावा न्यूज डेस्कले तयार पारेको 'आजको चासो' कार्यक्रममा दलित विषयमा बहस चलाउने गरेको समाचार संयोजक राजेश राई बताउँछन् । धनकुटा एफएमले भने शनिबार 'दलित आवाज' नामक कार्यक्रम बजाउने गरेको छ । दलितसँग सम्बन्धित भए पनि आगामी संविधानमा दलित अधिकारका सवालबारे बहस नचलाएको स्टेशन मेनेजर लेखनाथ पौडेल बताउँछन् ।

नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय उपाध्यक्ष सञ्जय सन्तोषी राईका विचारमा सरकारको चिन्तन र प्रवृतिले दलितका निम्ति सकारात्मक काम हुन सकेको छैन । दलित आन्दोलनलाई सशक्त बनाउनका लागि केन्द्रबाटै संगठित आन्दोलन चलाइनु पर्ने उनको धारणा छ ।

धनकुटामा मात्रै ४९ जना नेपाल पत्रकार महासंघका सदस्य छन् । जसमध्ये २७ जना क्रियाशील छन् । सदस्यता लिनेको सख्या कम भए पनि जिल्लावाट प्रकाशित हुने साप्ताहिक र एफएममा कार्यरत सञ्चारकर्मीको संख्या उलेख्य छ । धनकुटामा तीन जना दलित पत्रकारले महासंघको सदस्यता लिएका छन् भने चारजनाले सदस्यता पाँउन बाँकी छ । अन्य जिल्लाको तुलनामा धनकुटामा दलित पत्रकारहरूको उपस्थिति उत्साहजनक रहेको छ ।

## सच्याइएको

*दलित निगरानी* को अंक ७ मा प्रकाशित शुभकामना विज्ञापनमा उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान विकास समितिको उपाध्यक्ष डी.बी. परियार हुनुपर्नेमा अन्यथा पर्न गएकोले सच्याइएको छ ।

● ● ●

*दलित निगरानी* को अंक ७ मा प्रकाशित शुभकामना विज्ञापनमा दलित गैर सरकारी संस्था महासंघका महासचिव बोमबहादुर विश्वकर्मा र अंक ६ मा प्रकाशित अर्को विज्ञापनमा सभासद पुरनसिंह दयाल हुनुपर्नेमा अन्यथा पर्न गएकोले सच्याइएको छ ।


## सफलताको कामना




कोडी इन्टरनेशनल इन्स्टिच्युट जसले संसारभरका अल्प विकसित देशहरुमा पाँच हजार भन्दा बढि र नेपालमा एक सय पचास (छ जना दलित समेत) सामाजिक विकास क्षेत्रका अगुवा जन्माउन आफ्ना विभिन्न तालिमहरूको माध्यमबाट विशिष्ट भूमिका खेलेको छ । आफ्नो स्थापनाको ५०सौं स्वर्ण उत्सव मनाउन गइ रहेको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । साथै यहि कार्तिक २४ गते नेपालमा मनाउन गइरहेको कार्यक्रमको भव्य सफलताको कामना गर्दछौं ।

**दलित निगरानी परिवार**
**अनामनगर काठमाडौं**

**कोडी अल्मुनाई यशोशियशन**
**काठमाडौं, नेपाल**

# जनयुद्धको सहयात्री

**माओवादी जनयुद्धका क्रममा देशभरिका जम्मा १ हजार ७४ दलितको ज्यान गुमेको दलित मुक्तिमोर्चाको मुखपत्र 'दलित मुक्ति'मा उल्लेख गरिएको छ । त्यस क्रममा काठमाडौं, ललितपुर र रसुवा बाहेक सबै जिल्लाका दलित मारिएका छन् ।**

१०४ वर्षे राणा कालदेखि नै दलितहरूले कुनै न कुनै रूपमा आन्दोलन गरिरहेका छन् । संविधानसभाको निर्वाचनमा २५ वटा दलले भाग लिए । तर यीमध्ये १४ वटाले दलित जनवर्गीय सङ्गठन बनाएका छन् । संविधानसभाको चुनावमा सबैभन्दा ठूलो राजनीतिक दल बनेको एकीकृत नेकपा माओवादीको जातीय मोर्चा हो- नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा । विभिन्न दलित संगठनबीचको एकतापछि नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा बलियो संगठनको रूपमा स्थापित भएको मानिएको छ ।

२०४८ सालमा सम्पन्न तत्कालीन नेकपा एकताकेन्द्रको एकता महाधिवेशनपछि राजनीतिक दलका दलित जनवर्गीय संगठन बन्ने क्रमले तीव्रता पाएको हो । नेपाल राष्ट्रिय दलित जनविकास परिषद् र प्रेम नेपालीले नेतृत्व गरेको जातीय समता समाजको एउटा समूहबीच एकता भयो । २०४९ सालमै दलित जनविकास परिषद् र उत्पीडित जातीय उत्थान मञ्चबीच एकता भएर नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज बन्यो । नेकपा माओवादीले २०५२ फागुन १ गतेदेखि जनयुद्ध प्रारम्भ गरेयता एकताको सानातिना प्रयासहरू पनि भइरहे । यसै क्रममा नेपाल दलित मुक्ति मोर्चा र नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजबीच २०६३ माघ एकता भयो । त्यसपछि बन्यो, नेपाल दलित मुक्ति मोर्चा (एकीकृत) ।

दुई संगठनको एकतापछि ५६ जनाको केन्द्रीय समिति बनेको थियो । तर तत्कालीन नेकपा (एकताकेन्द्र - मसाल) विभाजनपछि बनेको जनमोर्चा नेपालको जनवर्गीय संगठन नेपाल राष्ट्रिय दलित मुक्ति संगठनबीच गत वर्षको फागुनमा एकता महाधिवेशनपछि सो समितिको संख्या १ सय ४१ पुगेको छ । सल्लाहकार समिति मात्रै २९ जनाको रहेको छ ।

माओवादीले जनयुद्ध शुरु गरे लगत्तै दिलबहादुर रम्तेलले जीवन गुमाएका थिए । रम्तेललाई माओवादीले जनयुद्धका प्रथम सहिद मान्दै आएको छ । माओवादीको यस दलित मोर्चाले जनयुद्धकै प्रथम सहिद दलित हुनुलाई गौरवको रूपमा लिएको छ । नेपाल दलित मुक्ति मोर्चाको मुखपत्र दलित मुक्ति - ०६३, वर्ष ३, अङ्क १ का अनुसार जनयुद्धका क्रममा सबैभन्दा बढी कालिकोट जिल्लामा १ सय ३ जना दलितले ज्यान गुमाएका छन् । रोल्पामा ६१, बाजुरामा ५६ सल्यानमा ७० सहित १ हजार ७४ दलितको ज्यान गुमेको छ । काठमाडौं, ललितपुर र रसुवा बाहेक सबै जिल्लामा जनयुद्धको क्रममा दलित मारिएका छन् ।

बृहत शान्ति सम्झौता मार्फत् शान्तिपूर्ण बाटोमा आएपछि बनेको अन्तरिम सरकारमा माओवादीको तर्फबाट दुई जना दलित मन्त्री भएका थिए । संविधानसभाको निर्वाचनपछि भने माओवादीले दलितलाई न्याय दिन सकेन । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा बनेको प्रथम गणतान्त्रिक सरकारले एकजना पनि दलितलाई मन्त्रिमण्डलमा सामेल गरेन । सरकारमा दलितको सहभागिता गराउन नसक्दा माओवादीले चौतर्फी आलोचना खेप्नु परेको थियो । सरकार ढल्नुभन्दा डेढ महिनाअघि महेन्द्र पासवानलाई मन्त्रिमण्डलमा समावेश गरेपछि मात्रै आलोचनाबाट मुक्ति पाएको थियो । संविधानसभाको निर्वाचनमा ७ जना दलितले प्रत्यक्ष निर्वाचन जितेका थिए । अन्य पार्टीबाट भने दलितले प्रत्यक्षतर्फ जितेका छैनन् । माओवादीबाट प्रत्यक्ष र समानुपातिक सहित २१ जना दलित सभासद् छन् । अन्तरिम कालमा भने १२ जना दलित सासद् थिए ।

**संविधानसभाको निर्वाचनपछि भने माओवादीले दलितलाई न्याय दिन सकेन । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा बनेको प्रथम गणतान्त्रिक सरकारले एकजना पनि दलितलाई मन्त्रिमण्डलमा सामेल गरेन ।**

मार्क्सवाद-लेलिनवाद-माओवाद/विचारधारालाई अंगालेको यस संगठनले दलितहरूको पूर्ण मुक्तिका लागि विशेषाधिकारलाई मूल मुद्दा बनाउदै आएको छ । दलितका लागि आरक्षण, प्रगतिशील आरक्षण र विशेषाधिकार के उपयुक्त छ भनेर खुल्ला बहस चाँहि भएको छैन । तर, यी तीनै थरी नीति अवलम्बन गर्ने दलित संघ/संगठनहरूले भने यसैको वकालत गरिरहेका छन् । नेपाल उत्पीडित मुक्ति समाजले आसन, शाषन र रासनसहितको प्रगतिशील आरक्षण र जातीय समता समाजले जे नाम दिए पनि आरक्षण नै उत्तम विकल्प भएको बताउँदै आएको छ तर, मोर्चाले भने आरक्षणले मात्रै दलितको मुक्ति नहुने बताउदै आएको छ । 'राज्यले बर्षौदेखि गरेको उत्पीडनको क्षतीपूर्तीसहितको बिशेषाधिकार चाहिन्छ'- परशुराम रम्तेल भन्छन्- 'राज्यले गरेको उत्पीडनको क्षतीपूर्ती दिनै पर्छ । त्यसका लागि दलित समुदायले जस्तोसुकै मुल्य चुकाउनु परे पनि पछि हट्नु हुदैन ।'

आरक्षण, प्रगतिशील आरक्षण र विशेषाधिकार के हुने भन्ने सवालमा तीव्र बहस चले पनि एमाले बाहेक अरू सबै विशेषाधिकारमा सहमत भइसकेको छन् । संविधानसभाभित्र रहेका दलित सभासद्हरूको साझा संस्था दलित सभासद् मञ्च माओवादी दलित सभासद्हरूको कारण निष्क्रिय रहेको आरोप पनि नलागेको होइन । तर पछिल्लो समयमा देखाएको सक्रियताले यसलाई गलत सावित गरिदिएको छ । तर पछिल्लो समयमा माओवादी सभासद्हरूले सक्रियता देखाएपछि छलफलको ढोका खुलेको छ । संसद्मा दलितका सवालमा एकमत भएर जाने सहमति भइसकेको छ ।

राज्यको हरेक तह र जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने आवाज मोर्चाले उठाइरहेको छ । यद्यपि एकता अघिवेशनबाट पारित अन्तरिम विधानमा भने जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको सवाल उठाइएको छैन । मोर्चाले संविधान निर्माण अभियान एकल रूपमा सञ्चालन गरको छैन, बरु माओवादीका कार्यक्रमहरूमा सक्रिय सहभागीता जनाइरहेको छ ।



# अनुभवको प्रयोग गरौं

■ गणेश वि.के. देउल्याल

**राजनीतिक दलहरूका अवधारणाहरूमा दयाको भीख दिने खालको ओठे प्रतिबद्धता वाहेक मानव अधिकार र सामाजिक न्यायका हिसाबले हेरिएको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको अवस्थामा यस्ता दयाको भावले दलितको समस्या हल हुन सक्दैन । अहिले देखिएका चुनौतीहरूलाई अवसरमा बदल्न एकीकृत दलित आन्दोलनको विकल्प छैन ।**

संविधानसभाबाट बनेका संसारका लोकतान्त्रिक संविधानहरूमध्ये सबैभन्दा लोकतान्त्रिक संविधान दक्षिण अफ्रिकाको मानिन्छ । दक्षिण अफ्रिकाको संविधान निर्माण प्रकृयालाई नेपालले पनि अबलम्बन गरेको देखिन्छ र धेरै जसो सभासदहरू त्यहाको भ्रमण गरेर आउने गरेका छन् । नेपालको संविधान निर्माण प्रकृयामा राजनीतिक मुद्दामा बढी सिको गर्न खोजिएको छ तर द्वन्द्व समाधान गर्ने र आर्थिक/सामाजिक क्षेत्रका अन्तरविरोधहरूको समाधानमा भने त्यहाका अनुभवलाई ग्रहण गरिएको देखिदैन ।

नेपाली दलितको विगत र वर्तमानका समस्याहरूलाई हृदयांगम गर्दा वर्तमान संविधान निर्माणका लागि दलित समस्या दक्षिण अफ्रिकाको जातीय समस्याभन्दा कम छैन । तर नेपालको संविधान निर्माण प्रकृया र राज्यको पुनःसंरचनाको बहसमा दलित समुदाय सबैभन्दा कम महत्वमा परेका छन् । यसको ज्वलन्त उदाहरण धेरै समयपछि प्रायोजित ढंगले उठान गरिएको मधेशका ओविसी समूह, आदिवासी/जनजाति र थारु लिम्बुवान र अन्य भूमिहिन संगठनहरूसँग वार्ता र सहमति कायम गर्दा जनसंख्याको एक चौथाई हिस्सा ओगटेको दलित समुदायसँग वार्ता गर्ने कुनै सङ्केत पनि नगर्नुले सरकार र राजनीतिक दलहरूको नियत के छ भन्ने स्पष्ट हुन्छ । संक्रमणकाल व्यवस्थापनका क्रममा जसका कारणले मुलकमा समस्याहरू पैदा गराउनेहरूनै हालीमुहाली गरिरहेका छन् ।

जनताको मानव अधिकार र सामाजिक न्यायको सुनिश्चिततासँग सम्बन्धित जटिलताहरूबाट मुक्ति पाउन दक्षिण अफ्रिकामा अधिकार सम्पन्न संवैधानिक अदालत र ३४ वटा संवैधानिक सिद्धान्तहरूको प्रतिपादन गरिएको थियो । नेपालमा नागरिक समाज र स्वयं दलित राजनीतिले जोडदार रूपमा उठाउँदासमेत वेवास्ता गरिदैछ । जसले गर्दा संविधान निर्माणको कार्य सत्ता परिवर्तन र भागवण्डामा अल्फिन पुगेको छ । दक्षिण अफ्रिकामा तय गरिएका संवैधानिक सिद्धान्तहरूमा राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक सवालहरूको सम्बोधन गरिएको थियो । मुलुकको समग्र सवालहरूको सम्वोधन गरिएका ३४ वटा सिद्धान्तहरू संविधानमा नसमेटिएमा संवैधानिक अदालतले सचेत गराउन सक्ने अधिकार दिइएको थियो । त्यस अदालतले संविधानको प्रस्तावित मस्यौदा संविधानसभाबाट पारित भएपछि पनि ८ वटा सवालहरू अपुग हुँदा संवैधानिक अदालतले संविधानसभालाई सचेत पारेको थियो । जुन सवालहरू त्यहाँको जातीय तथा आर्थिक, सामाजिक रूपान्तरणसँग सम्बन्धित थिए ।

दक्षिण अफ्रिकाको अनुभवका आधारमा अब नेपालको संविधान निर्माणमा समेत राष्ट्रिय सहमति कायम गरेर संवैधानिक सिद्धान्तहरूको निर्माण गरिनुपर्दछ र स्वतन्त्र अधिकार सम्पन्न संवैधानिक अदालतको निर्माण गरिनुपर्दछ । नेपालको सन्दर्भमा यस्ता सिद्धान्तहरू जनतामा




पूर्ण सार्वभौमसत्ता, समावेशी राजनीतिक, आर्थिक र सामाजिक/साँस्कृतिक लोकतन्त्र, सुरक्षा निकायको लोकतान्त्रिकरण र पुनःसंरचना, समानुपातिक निर्वाचन प्रणाली, मानव अधिकार र सामाजिक न्याय, आदर्श समाजवाद, धर्मनिरपेक्ष राष्ट्र, संघीय लोकतान्त्रिक गणतन्त्र, प्रशासनिक पुनःसंरचना, जनमत संग्रहको व्यवस्था, संविधानको सर्वोच्चता, क्षेत्रीय स्वायत्तता, नागरिकताको सुनिश्चितता, शक्ति पृथकीकरण र शक्ति सन्तुलन, स्वतन्त्र संवैधानिक अंग, वैज्ञानिक आरक्षण, दलितका लागि गैर-भौगोलिक संघीयता आदि हुन सक्दछन् । दक्षिण अफ्रिकामा गैर-भौगोलिक संघीयता पनि लागु गरिएको थियो ।

यसबाहेक दक्षिण अफ्रिकामा शान्ति प्रकृयालाई संविधान निर्माणको अभिन्न अंग बनाइएको थियो । जसमा राजनीतिक सहमति र सहकार्य, बदलाको सट्टा क्षमा, प्रेम र एकता, क्रान्ति योद्धाले क्रान्तिपछि साधभर्ना माग्न नहुने, आफ्नै मुलुकको अग्रता र अबधारणामा विश्वको अध्ययन रे धरातलको सिद्धान्तका आधारमा घरेलु संकटको हल आफैले खोज्ने जस्ता शान्ति सिद्धान्तहरूको निर्क्यौल गरिको थियो । सत्तारुढ नेता एफ. डब्ल्यू डेक्लार्क र विद्रोही नेता नेल्शन मण्डेलाबीच उच्चस्तरको एकता र त्यागको नमूना अतुलनीय थियो । जसले राजनीतिक, आर्थिक/सामाजिक रूपान्तरण र विशेष गरी जातिवादी अहम्कारवादको अन्त्य गर्ने संकल्प गरियो । जातिवादी ऐन कानूनहरूको स्वतः खारेजीको घोषणा गरिएको थियो । जुन नेपालमा गरिएको छैन । अहिले पनि २०२० सालको मुलुकी ऐन, भूमि ऐन २०२१, सैनिक ऐन, सामाजिक सुधार ऐन २०१२ यथावत राखेर राजाबिनाको संघीय लोकतान्त्रिक गणतन्त्रको थालनी गरिएको छ । जसले जनचाहनाको प्रतिनिधित्व गर्न सक्दैन । यसले जातीय छुवाछूतको अन्त्य, वैज्ञानिक भूमिसुधार, प्रशासनिक पुनःसंरचना, सेनाको व्यवस्थापन र लोकतान्त्रिकरण गर्न सक्दैन । ६/६ पटक अन्तरिम संविधान संशोधन हुँदासमेत दलितको मुद्दा प्राथमिकतामा राखिएन । यसलाई हेर्दा नेताहरू भारत र दक्षिण अफ्रिकाको जस्तो संविधान निर्माणमा ध्यान दिएको देखिदैन ।

आगामी संविधानको प्रस्तावनामा मुलुकमा विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक समस्या र विभेदप्रति पश्चाताप गरिनुपर्दछ । हालसम्म मुलुकमा भएका संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संघात्मक संरचनामार्फत् जातीय विभेद लगाएतका विभेदहरूको उन्मुलन गरी समतामुलक र समावेशी राज्य स्थापना गर्ने प्रतिबद्धता जाहेर गरिनुपर्दछ । नेपाल राज्यको परिभाषा गर्दा नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष र छुवाछूतमुक्त समावेशी संघीय गणतान्त्रिक राज्य हो भन्ने लेखिनुपर्दछ ।

संघीय राज्यको निर्माण गर्दा दलितको बेग्लै राज्यको सम्भावना नभएकोले सरकारी मान्यता प्राप्त स्वीडेन र हंगेरीको संविधान जस्तै अधिकार सम्पन्न दलित संसदको गठन गरी दलित सम्बन्धी संघ र प्रदेशका सम्पूर्ण योजना तथा नीति निर्माणको अधिकार दिइनु पर्दछ । मुलुकलाई एक निर्वाचन मानेर दलितले मात्र उम्मेदवार हुने र दलितले मात्र मतदान गर्ने अलग व्यवस्था गरिनुपर्दछ । राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न बनाई राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय जनजाति आयोगका अध्यक्षहरु पदेन सदस्य रहने गरी राष्ट्रिय मानव अधिकार आयोगलाई पुनःसंरचना गरिनुपर्छ ।

# आफ्नै राज्यका लागि लड्नुछ



■ अनन्त यात्री

**महाभारतको युद्धमा अर्जुनले कौरवहरुसँग लड्न कठिन भएको कुरा कृष्णसँग राख्दा कृष्णले जवाफ दिएका थिए - 'हेर अर्जुन ! तिमीले हारेपछि स्वर्ग प्राप्त गर्नेछौ, जितेपछि राज्य ।' यो कुरा दलितहरुको हकमा पनि लागू हुनेछ । दलितले अहिलेको भन्दा गुमाउने कुरा केही छैन । त्यसैले अब दुईटा विकल्प छन् - दलितले कि जातीय अत्याचार र अपमान सहने कि सम्मान र मुक्तिका लागि जोखिमपूर्ण युद्ध लड्ने ।**

कात्तिक ७ गते म्याग्दीका शंक पुनले आफ्नो बच्चालाई गाली गरेको भन्दै आफ्नै बारी जोत्न आएका ममबहादुर विकको हत्या गरे । तर, पुनलाई पक्राउ गरी कारबाही गर्ने काम अझै भएको छैन । भदौ १६, मा दैलेख, जगन्नाथ गाविसका अमित विक र सविता शाहीले अन्तरजातीय विवाह गरे । असुरक्षाका कारण विवाहपछि उनीहरू सदरमुकाम आए । तर, सविताका आफन्तले उनीहरूको खोजी गरे । मानव अधिकारवादी संघ/संस्थाको सहयोगमा अमिता र सवितालाई भेटे र गाउँमा सहमतिमा विवाह गर्ने भन्दै तिनले नयाँ दम्पतीलाई गाउँ फर्काए । तर गाउँमा पुगेपछि स्थिति उल्टो भयो । सविताका आफन्तले अमित र उनका आफन्तलाई कुटपिट गरी १५ हजार जरिवाना गरे । शाही परिवारको आक्रमणबाट बच्न भीरबाट हाम फालेका अमित विकको स्थिति अझै अज्ञात छ ।

सविताको विवाह चाहिँ जबरजस्ती जाजरकोटका एक जना गैरदलितसँग गरिएको छ । अन्तरजातीय विवाहका कारण दलितमाथि यस्तो ज्यादती भए पनि उनका पक्षमा बोल्ने अहिलेसम्म जिल्लामा कोही निस्किएका छैनन् । सरकारले दलित र गैरदलितबीच अन्तरजातीय विवाह गर्ने जोडीलाई एक लाख पुरस्कार दिने घोषणा गरेको केही महिना बित्न नपाउँदै भएको यो घटनाले सरकारी घोषणालाई चुनौती दिएको छ । यसअघि ललितपुरकी कल्लीकुमारी विकलाई बोक्सीको आरोपमा दिसा खुवाउने विमला लामालाई सरकारले कारबाही गर्न नसकेको कुरा सार्वजनिक भइसकेको छ । उनलाई गाउँमा शिक्षक पदमा कायम गरिएको छ ।

यी घटनाले दलितमाथि अझै जातका आधारमा हुने थिचोमिचो नरोकिएको स्पष्ट पारेका छन् । यसबाट स्थिति थप जटिल बन्दै गएको देखिन्छ । पुरानो नेपालमा पहिले दलितहरू चुपचाप सहेर बसेका थिए र बाँचेका पनि थिए । तर 'नयाँ नेपाल' मा अहिले दलित मुक्तिको आवाज उठिरहेको छ । यसबाट उनीहरू मारिएका छन् तर मार्नेलाई कारबाही भएको छैन । दलित अधिकारको नारा घन्किएको छ र दलितमाथि राज्य र समुदायबाट प्रतिकार भएको छ । मुलुक जातीय संघीयतामा जान सक्ने संकेत आइरहेको बेला दलितहरूमाथि भइरहेको माथिका प्रतिकार र असहिष्णुताका घटनाले भोलिको दलितको जीवनलाई झन् जटिल बनाउने अनुमान गर्न सकिन्छ । जातीय प्रदेसहरूमा हजारौं दलितहरू यसरी नै मारिने संकेत हुन् ती घटना ।

## कठिन बाटो

अब के गर्ने भन्ने प्रश्न दलित अधिकारवादीतिर तेर्सिएको छ । यदि ममबहादुर, अमित र कल्लीहरूको देश हो भने उनीहरुले

**मुलुक जातीय संघीयतामा जान सक्ने संकेत आइरहेको बेला दलितहरूमाथि भइरहेका प्रतिकार र असहिष्णुताका घटनाले भोलिको दलितको जीवनलाई झन् जटिल बनाउने अनुमान गर्न सकिन्छ ।**

न्याय पाउँथे होलान्, तर दलितहरूले तिरेको करबाट तलब खाने सरकारी अधिकारी दलितमाथिको अन्यायमा दलित विरोधी कै रुपमा उभिएका छन् । अपराधको सिद्धान्त अनुसार अपराधीलाई कारवाही नगर्ने वा बचाउने पनि अपराधी हो । यस अर्थमा दलितमाथि ज्यादती गर्नेलाई जोगाउने र संरक्षण गर्ने पनि अपराधी र दलित विरोधी हुन् ।

मौजुदा राज्य संयन्त्रले कहिल्यै पनि दलितको हित र अधिकार संरक्षण गर्न सक्तैन । माओले भनेको **'राज्य सत्ता बाहेक सबै भ्रम हुन्'** भन्ने कुरालाई यतिबेला हामीले गहिरो ढंगले आत्मसात् गर्नुको विकल्प छैन । त्यसैले अब दलितहरूले आफ्नो राज्य स्थापना गर्ने कामतिर लाग्नुपर्छ । नेपाली दलित आन्दोलनले महत्वपूर्ण उपलब्धि प्राप्त गर्न नसक्नुको कारण आन्दोलनले सही दिशा समात्न नसक्नु पनि हो । अब इतिहासबाट सिकेर दलितहरूले आफ्नै राज्य सत्ता स्थापनाको बारेमा सोच्ने र अघि बढ्ने बेला भइसकेको छ । यसो गर्दा अब दलितहरूले जातीय हिंसा तथा आतंक मच्चाउन खाजेको आरोप लाग्न सक्छ तथापि अबको दलित आन्दोलन जातीय लडाइँ हुनेछ । यस्तो आन्दोलनलाई कसैले जातीय लडाइँ हो भनेमा हामी प्रश्न गर्न सक्छौ - के अहिले दलितमाथि भइरहेको हिंसा जातीय होइन ?

अहिलेको दमनमा दलितहरू मात्र जातीय हिंसाका सिकार भइरहेका छन् । दलितले आफ्नो राज्यका लागि लड्दा जातीय हिंसाको सिकार अहिले दलितमाथि ज्यादती गर्नेहरू पनि हुनेछन् । महाभारतको युद्धमा अर्जुनले कौरवहरूसँग लड्न कठिन भएको कुरा कृष्णसँग राख्दा कृष्णले जवाफ दिएका थिए - 'हेर अर्जुन ! तिमीले हारेपछि स्वर्ग प्राप्त गर्नेछौ, जितेपछि राज्य ।' यो कुरा नेपालका दलितहरूको हकमा पनि लागू हुनेछ । दलितले अहिलेको भन्दा गुमाउने कुरा केही छैन । अब दुईटा विकल्प छन् - अपमान सहने कि सम्मानका लागि लड्ने ।

केही पनि नगर्ने हो भने सयौं वर्षसम्म सरकारले नाटकीय ढङ्गले दलित मुक्तिको घोषणा गरिरहन्छ, छुवाछूत गर्नेलाई कारबाही गर्ने कुरा गरिरहन्छ, अन्तरजातीय विवाह गर्ने जोडीलाई पुरस्कारको घोषणा गरिरहन्छ तर यथार्थमा अन्तरजातीय विवाह गर्ने अमितहरु बेपत्ता हुन्छन्, अमितका बुवाहरू जरिवाना तिरिरहन्छन्, ममबहादुरहरूको हत्या भइरहन्छ, कल्ली कुमारीहरूको जीवन बर्बाद भइरहन्छ । सरकार र यसका ब्रामणवादी संयन्त्र चाहिँ विमला लामाहरुलाई सम्मान गरिरहन्छ भने काठमाडौ बस्ने सुकिला दलितहरू मिडियाबाट यी खबर हेरेर चुकचुकाइरहन्छौ । अमित, मम र कल्लीकुमारीहरूको नाममा मन्त्री बन्ने दलितहरू चाहिँ सत्ता र भत्ताको मातमा गाडी चढिरहन्छौ ? सभासदहरू मस्ती गरिरहन्छौं ? संघ/संस्थाहरूले परियोजना चलाइरहन्छौ ?

# दलीय भागबण्डाले दलित ठगिए

**रकम चेम्जोङ शान्ति तथा पुनर्निमाण मन्त्री भएपछि शिविरका अयोग्य माओवादी लडाकुहरूको पुनर्स्थापनाको काम सुरू भएको छ । यसअघि सूचना तथा सञ्चार राज्यमन्त्री समेत भएका चेम्जोङ सांसद् पनि भइसकेका छन् । संविधानसभाको निर्वाचनमा भने उनी पराजित भए । धनकुटामा जन्मिएका चेम्जोङ नेकपा (एमाले) का केन्द्रीय सदस्य हुन् । प्रस्तुत छ शान्ति तथा पुनर्निमाण मन्त्री चेम्जोङसँग *दलित निगरानी* ले गरेको कुराकानी :**

**अहिले विभिन्न समूहहरुसँग वार्ता भइरहेको छ, प्रतिफल कस्तो छ ?**

एकदमै राम्रो छ । तराईका सशस्त्र समूहहरूसँग पनि बारम्बार वार्ता भइरहेको छ । वार्ता सकारात्मक भएकोले देशमा हत्या, हिंसा र आतंक रोकिएको छ । शान्ति सुरक्षा सुदृढ हुँदै गइरहेको छ ।

**शान्ति मन्त्रालयको काम वार्ता र सम्झौता गर्ने मात्रै हो ?**

हामीले वार्ता मात्रै गरेका छैनौं । वार्ताका सम्झौताहरू कार्यान्वयन पनि गरेका छौं । बेला बेलामा अनुगमन पनि भएको छ । हो, कतिपय तत्काल कार्यान्वयन हुन नसक्ने कुरा पनि सम्झौता भएको छ । त्यसलाई क्रमशः पूरा गर्दै जानेछौं । बादी समुदायकै उदाहरणलाई हेरौं । उनीहरुको वास्तविक संख्या कति हो ? उनीहरूको आधारभूमि के हो ? त्यसको तथ्यांक संकलन भइरहेको छ । उनीहरूलाई परिचय पत्र दिने तयारी भइरहेको छ । सम्झौता गरेर मन्त्रालयले अन्य काम गरेन भन्ने होइन, बरु धेरै राम्रो काम गरेको छ ।

**तपाईले दलित समस्यालाई कसरी लिनु भएको छ ?**

दलितको समस्या सामाजिक समस्या हो । विशिष्ट प्रकारको राजनीतिक समस्या पनि भएकोले यसलाई रानजीतिक सहमतिकै आधारमा समाधान गरिनुपर्छ । समावेशी नभएको क्षेत्रमा समावेशी बनाउनका लागि सरकारले सकारात्मक विभेद नीति तर्जुमा गर्नुपर्छ । समावेशी आयोगलाई पूर्णता दिएर त्यसले दिएको सुझावको आधारमा कार्यान्वयन गरिनुपर्छ । हरेक क्षेत्रमा दलितहरूको सहभागिता न्यून भएकोले समावेशी सिद्धान्तका आधारमा उनीहरूका यावत् समस्याहरू समाधान गरिनुपर्छ ।

> **अब बन्ने संघीय राज्य वा प्रान्तमा अधिकतम अधिकार सुनिश्चित गर्नका लागि दलितहरूको एकताबद्ध संघर्ष जरुरी छ ।**

**समावेशीको कुरा त गर्नुभयो, तर तपाईको पार्टीले नेतृत्व गरेको अहिलेको मन्त्रिमण्डलमा कुनै दलित पनि क्याबिनेट मन्त्री छैनन् नि ?**

यसमा सरकारले ठूलो कमजोरी गरेको छ । मन्त्रिमण्डल गठन वा विस्तारको बेलामा राजनीतिक सहमतिका कारण दलित समुदाय छुट्यो । यसमा दुःख लागेको छ । तर अहिले तीन/तीन जना राज्य र सहायक मन्त्री हुनुभएको छ । हामीले सोचे जस्तै समावेशी बन्न सकेन । हिजो माओवादीले सरकारको नेतृत्व गरेको बेला त दलित समुदायबाट एक जना दलित मन्त्री भएका थिए ।

**किन यस्तो भएको हो ?**

दलहरूको भागबण्डाका कारण दलित समुदाय ठगिएका छन् । अब यस्ता त्रुटी सच्याउनु पर्छ । अब भागवण्डा गर्दा दलित समुदायलाई लत्याइनु हुँदैन । दलित आयोग र विकास समितिले यसमा सबैलाई सचेत तुल्याउनु आवश्यक छ र ती निकायलाई पनि स्वायत्त तुल्याउनु पर्छ ।

**राजनीतिक कार्यकर्ता भर्तीकेन्द्र बन्दै आएको आयोग र दलित विकास समितिलाई कसरी स्वायत्त बनाउने ?**

यो दलितको मात्रै समस्या होइन, राज्यका अन्य आयोग र निकायहरू पनि राजनीतिक भर्तीकेन्द्र हुँदै आएका छन् जुन गलत छ । पहिलेदेखि स्थायी संरचना बनाइएको भए राम्रो हुन्थ्यो । स्थायी संरचना नबन्दा राजनीतिक कार्यकर्ता भर्तीकेन्द्र बनेको अवस्था छ । सरकारले त्यसलाई परिवर्तन गर्न लागिरहेको छ । त्यसका लागि सम्बन्धित समुदायहरूबाट दबाब आओस् भन्ने हामी चाहन्छौं । तर सम्बन्धित समुदाय विभाजित भएर व्यक्तिगत स्वार्थमा लागेको कारण समस्या भएको छ । सरकार परिवर्तन हुने बित्तिकै दलित साथी नै पहिलेकोलाई विघटन गरेर हामीलाई बनाउ भन्छन् । सरकारद्वारा पूर्ण नियन्त्रित निकाय भएका कारण पनि यस्तो समस्या आएको हो । त्यसका लागि स्वायत्तताको आवश्यकता छ ।



**रकम चेम्जोङ**
**शान्ति तथा पुनर्निमाण मन्त्री**

**शान्ति तथा पुनर्निमाण मन्त्रालयले हालै माग गरेको विज्ञापनमा दलितलाई कति प्रतिशत आरक्षण छुट्याइएको छ ?**

मन्त्रालयले जिल्लामा शान्ति समितिमा रहेर काम गर्ने गरी खोलिएको विज्ञापनमा कुनै पनि समुदायका लागि आरक्षण छुट्याएको छैन । एउटा जिल्लामा एक जना मात्रै चाहिने भएकोले त्यसमा आरक्षण लागू गरेर पनि सम्भव भएन । एउटा जिल्लामा ठूलै संख्यामा आवश्यक परे आरक्षण गरिन्छ ।

**सबै जिल्लाका लागि विज्ञापन खुलाइदा आरक्षण नतोकिनु आरक्षण सम्बन्धी कानुन उल्लंघन होइन ?**

एउटा जिल्लामा एक जना मात्रै चाहिएको हो । सबै जिल्लालाई हेर्दा त्यो ठूलो संख्या होला । हामी राज्यको पुनर्संरचना गर्न गइरहेका छौं । यो आजको आवश्यकता पनि हो । समयको आवश्यकतालाई लत्याएर हामी पछाडि फर्कन सक्दैनौं ।

**मुलुक संघीय ढाँचामा गइसकेको छ । अब बन्ने संघीय राज्यमा दलितका हक अधिकार सुनिश्चित होला भन्ने के- के आधार छन् ?**

अब बन्ने संघीय राज्य वा प्रान्तमा अधिकतम अधिकार सुनिश्चित गर्नका लागि दलितहरूको एकताबद्ध संघर्ष जरुरी छ । हुन त सबै जातजातिको अधिकार सुनिश्चित होस्, उनीहरूको पहुँच राज्यका हरेक तहमा पुगोस् भनेर नै संघीयता आश्यक परेको हो । अहिले जातीय आधारमा प्रान्त वा राज्य बन्ने सम्भावना छ । अन्य जातिको राज्य बन्न सक्छ भने दलितको किन नबन्ने ? त्यसको अनुसन्धान हुन जरुरी छ ।

**प्रस्तुतिः गोपाल वराईली**

# 'अम्बेडकर कोलनी' की फुलनदेवी

**सभासद् शान्तिदेवी चमार दलित आन्दोलन भनेपछि हुरुक्कै हुन्छिन् । दलितका कार्यक्रममा खबर पाएपछि दौडिन्छिन् । यही विशेषताले उनलाई संविधानसभाका अरू सभासद्भन्दा बेग्लै बनाएको छ र उनलाई 'सक्रिय सभासद' भन्दा हुन्छ । पीडा, अन्याय र अत्याचारबाट उठेर राजनीतिमा लागेको कारण शान्तिदेवीको चरित्र केहीहदसम्म भारतीय दलित नेतृ फुलनदेवीसँग मिल्दोजुल्दो छ ।**

कपिलवस्तुको सिद्धार्थनगरमा भारतीयहरूको सिधा प्रभाव छ। ब्राह्मण, क्षेत्री र मधेशका जनजातिले घेरिएको सानो दलित बस्तीलाई अचेल 'अम्बेडकर कोलनी' भन्ने गरिएको छ। यही बस्तीकी शान्तिदेवी चमार 'हरिजन' नेकपा एमालेबाट समानुपातिक सभासद् चुनिएकी छन्। २०३० मा भारतको मुम्बईमा जन्मिएकी शान्तिदेवीले १४ वर्ष भारत मै बिताइन्। सानै छँदा बुवा गुमाएपछि उनले १५ वर्षको कलिलो उमेरमै विवाह बन्धनमा बाँधिनु पऱ्यो।

महिलाले घुम्टो ओढनु पर्ने परम्परा रहेको समाजमा विवाह भए पनि उनलाई त्यस्तो परम्परा मन परेको थिएन। उनी घुम्टो प्रथाको विरोधमा लागिन्। सामाजिक परिवर्तनका लागि उनले आफूलाई होमेपछि उनको अभियान फैलिँदै गएको थियो। तथापि गाउँका सामन्तहरूले जालझेल गरेर शान्तिलाई फसाउन नखोजेका होइनन्। तर त्यसले शान्तिलाई विचलित पारेन।

२०६४ सालमा राप्रपा नेता मोहित खानको हत्या भयो। त्यसबेला कपिलवस्तुको चन्द्रौटामा आगो बल्यो। हिन्दु र मुस्लिम, पहाडे र मधेशीबीच द्वन्द्व चर्काइयो। 'मधेश बचाउँ' भन्ने भ्रम फिँजाएर पहाडेहरूलाई सताउने प्रयत्न भए। शान्तिदेवी चमारको घर पनि जलाउने प्रयास भयो। तर गाउँलेले उनको घर जोगाए। कपिलबस्तुमा हिंसा फैलाउनेहरू राजावादी थिए। शान्तिको भनाइमा अहिले उनीहरू नै मधेशवादी दलबाट सभासद् बनेका छन्। शान्तिलाई सताउनेहरू अहिले उनीसँगै संविधानसभामा पुगेका छन्। उनीहरूले पनि सदनमा जातीय मुक्तिका कुरा गरिरहेका छन्। उनीहरूका चिप्ला कुरा सुन्दा पनि अचम्म लाग्ने गरेको उनी बताउछिन्।

माओवादी जनयुद्ध होस् वा १९ दिने आन्दोलन, दुबैमा दलित पछाडि हटेका छैनन्। तर आन्दोलन सफल भएपछि तिनै दलितको अपमान भइरहेको छ। आन्दोलनमा दलितको सक्रिय सहभागिता भएको देख्दा दलितको मुक्ति चाँडै हुन्छ भन्ने शान्तिलाई पनि लागेको थियो। तर अहिले दलित आन्दोलनको अवमूल्यन भएको देख्दा उनको मन खिन्न भएको छ। 'हिजो जनतालाई शोषण गर्नेहरु सभासद् भएर रवाफ देखाइरहेका छन्', उनले भनिन्।

सभासद् शान्तिदेवी चमार दलित आन्दोलन भनेपछि हुरुक्कै हुन्छिन्। दलितका कार्यक्रममा



खबर पाएपछि दौडिन्छिन्। जुन सुकै कार्यक्रममा पनि यनले दलित अधिकारका सवालहरू उठाउने गरेकी छन्। यही विशेषताले उनलाई अरू भन्दा बेग्लै बनाएको छ। उनलाई सक्रिय सभासद् भन्दा हुन्छ। पीडा, अन्याय र अत्याचारबाट उठेर राजनीतिमा लागेको देख्दा उनको चरित्रलाई कतिपयले भारतीय दलित नेतृ फुलनदेवीसँग पनि तुलना गर्ने गरेका छन्।

मन्त्रिमण्डलमा दलित महिलाको सहभागिता भएकोमा शान्ति खुशी छन्। वर्तमान सरकारमा मधेशी जनअधिकार फोरम(लोकतान्त्रिक)को तर्फबाट कलावती पासवान सहायक मन्त्री बनेकी छन्। पासवान मधेशी दलित महिला पनि हुन्। सदनमा उनले दलित समुदायको हितको निमित्त सक्रिय सहभागिता जनाउने गरेकी छिन्। उनको कथन छ - 'मैले जस्तो अरू दलित सभासद्हरूले पनि गरे दलित हक हितका लागि धेरै काम हुने थियो।' तर ४९ जनाको दलित सभासद् मञ्च क्रियाशील बन्न नसक्दा उनी अत्यन्तै खिन्न देखिन्छिन्। संविधान बनाउने यो महत्वपूर्ण समयमा पनि दलित सभासद्हरू क्रियाशील नहुँदा दलितको हितमा संविधान नै बन्दैनकी भन्ने शंका उठिरहेको छ। तर, उनले भने दलित, मधेशी, महिला र उत्पीडित समुदायको पक्षमा संविधान बन्नेमा ढुक्क छन्। उनले भनिन्-'सबै जातजाति र समुदायको सवालहरू नसमेटे त संविधान बनाउनुको अर्थ नै रहेन नी।'

राज्यको रहेक तह र तप्कामा समानसपातिक प्रतिनिधित्वको सवाल उठ्ने गर्छ तर कुरा मात्रै गरेर समावेसी हुन नसक्ने उनको तर्क छ। 'समावेशी बनाउने भनेर राजनीतिक दल र राज्यले ढाट्ने गरेका कारण सडकबाट दलित आन्दोलन उठ्नु पर्छ' उनले भनिन्-'सडक आन्दोलन तीव्र बनाएपछि मात्रै दलित समुदायको माग पुरा हुने भए हामीले पछि हट्नु हुँदैन।' उनले आफु संलग्न भएको पार्टी नेकपा(एमाले) भित्र पनि जातीय अधिकारको लागि आवाज उठाउने गरेकी छन्। दलित अधिकारका सवालमा पार्टीबाट पनि राम्रो समर्थन पाउने आश्वासन पाएको उनले बताईन। अझै पनि सडकबाट आन्दोलनको आँधिबेहरी सिर्जना गर्न सके दलित समुदायले अधिकतम् अधिकार पाउन सक्ने उनको विश्वास छ।